कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटारी, उदयपुर
Katari,Udayapur
स्था: २०७१
(रोजगार सेवा केन्द्र)

Phone No: 035-450039, 035-450296
Email:info@katarimun.gov.np
website: www.katarimun.gov.np

कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal
EST. 2071

पत्र संख्या (Ref.No) :– २०८०।८१
चलानी नं. (Dispatch No.) :– ३६५

मिति (Date) :- २०८०।०५।०७

## व्यक्तिगत श्रम स्वीकृति तथा पुन:श्रम स्वीकृति सम्बन्धी जरुरी सूचना ।

प्रस्तुत विषयमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ मा भएको व्यवस्था अनुसार वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य श्रम स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, मर्यादित, भरपर्दो, पारदर्शी तथा सहज बनाउनका साथै सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने लक्ष्य अनुरूप मिति २०८० वैशाख ०१ गतेदेखि वैदेशिक रोजगारीमा जानेहरूका लागि व्यक्तिगत श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिका लागि रोजगार विभागको Foreign Employment Information Management System (FEIMS) मा अनलाईन आवेदन गर्ने कार्य स्थानीय तहको रोजगार सेवा केन्द्र (प्रधानमन्त्री रोजगार कार्यक्रम) बाट हुने नेपाल सरकारको मिति २०७९/१२/२६ को निर्णय अनुसार यस नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र मार्फत आवेदन कार्य भइरहेकोले वैदेशिक रोजगरीमा जाने सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**पुनश्च:**

१. श्रम स्वीकृतिको आवेदन भर्न आउँदा आफ्नो पासपोर्ट, बैंक खाताको चेक, विदेशमा रहँदा जारी भएको परिचयपत्र, भिसा कागज, कार्य सम्झौता पत्र अनिवार्य रूपमा लिएर आउनुहोला ।

२. वैदेशिक रोजगारीमा जाने सुनिश्चित भएको (हवाई टिकट) मिति भन्दा कम्तीमा १० (दश) दिन अगावै श्रम स्वीकृतिको लागि आउनुहोला ।

थप जानकारीको लागि सम्पर्क नं.

१. विनोद कुमार धमाल (रोजगार संयोजक) -९८४२९१२३५७

२. प्रसान्त मगर (रोजगार सहायक) -९८४५७४६१६९, ९८२३१५४५३४

विनोद कुमार धमाल
रोजगार संयोजक

सुरेश कुमार दाहाल
निमित्त प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ: १. श्री वडा कार्यालय सबै, कटारी नगरपालिका, उदयपुर :
आवश्यक जानकारीको लागि वडास्तरमा सूचना प्रकाशन गर्न हुन ।

२. श्री सूचना तथा प्रविधि शाखा: कार्यालयको वेबसाइटमा अपलोड गर्नहुन ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग

# वैदेशिक रोजगार कार्यालय

ताहाचल, काठमाडौं

## व्यक्तिगत श्रम स्वीकृतिको लागि लाग्ने खर्च

१. म्यादी जिवन बीमा गर्दा लाग्ने रकम

| वर्ष | २.५ वर्षको प्रिमियम (एकमुष्ट) रू |
|---|---|
| १८-३५ वर्ष | रू. ३७०४/- |
| ३६-५० वर्ष | रू. ४९३१/- |
| ५१-६४ वर्ष | रू. ९४६३/- |

२. वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्नु पर्ने रकम - रू. १५००/-

३. वैदेशिक रोजगार समाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्ने रकम -रू. २३०८/- (न्यूनतम एक महिना बराबरको)

४. अनलाइन फाराम भर्न सहजीकरण गर्दा लिन पाउने अधिकतम सेवाशुल्क - रू. ३००/- (अन्य स्थानीय तहको बासिन्दाका लागि थप १००/-)

पुनश्च :-

- म्यादी जीवन बीमा गरेको कागजात सुरक्षित राख्नुहोला । तपाईंले बीमा रकम दाबी गर्नु परेमा उक्त कागजात आवश्यक पर्नेछ ।
- कुनै दुर्घटना भएमा तपाईंले वैदेशिक रोजगार बोर्डमा नियम बमोजिम पाउने रकमको लागि आवश्यक कागजात सहित निवेदन दिनुहोला ।

- रोजगार सेवा केन्द्र, कटारी नगरपालिका, उदयपुर ।